स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भावनात्मक सम्बन्धको कथामा आधारित फिल्म 'परान'ले शुक्रबारबाट प्रदर्शन यात्रा सुरु गरेको छ। एकल रिलिजको अवसर पाएको यो फिल्मले देशव्यापी ६४ शो प्राप्त गरेको छ। तर, प्रदर्शनको पहिलो दिन नै फिल्मले चुनौतीपूर्ण स्थिति सामना गर्नुपरेको छ। फिल्मको अग्रिम टिकट बुकिङ अपेक्षाअनुसार देखिएको छैन भने झरीका कारण बिहानी शो पनि प्रभावित बनेको छ।

आजको विचार...



फलफूल...
(दुई पेजमा)

ढाकाराम भण्डारी



२०७९ सालमा सर्वाधिक कमाइको कीर्तिमान बनाएको फिल्म 'जारी'को दोस्रो शृंखला कातिक २१ गतेबाट प्रदर्शनमा आउँदैछ। सफल फिल्मको सिक्वेल भएकाले हरेक उमेर समूहका दर्शकमा 'जारी २'प्रति उच्च चासो र उत्सुकता देखिएको छ। दुई दिनअघि सार्वजनिक ट्रेलरले त्यसमा थप उत्साह भर्दै दर्शकहरूको पर्खाइ अझ बढाएको छ। युट्युबमा दुई दिनमा १० लाखभन्दा बढी भ्यूज प्राप्त भएको ट्रेलरमा प्रतिक्रियाहरू उत्साहजनक देखिएका छन्।

❒ वर्ष ३१ अंक ९४ ❒ २०८२ कातिक १५ गते शनिबार 1 November 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### बन्धक बनाएका १५ बालबालिकाको उद्धार

(रासस/एएनआई)

**मुम्बई,** कात्तिक १४/मुम्बईको पवई क्षेत्रमा कैयौँ बालबालिकालाई बन्धक बनाउने व्यक्तिलाई मुम्बई प्रहरीले बिहीबार पक्राउ गरेको छ । प्रहरीका अनुसार बालबालिकालाई बन्धक बनाएका रोहित आर्याले एक भिडियो जारी गर्दै आफूले केही बालबालिकालाई बन्धक बनाएको आफ्नो माग पूरा नगरे सबै कुरामा आगो लगाउने र बच्चासहित आफैंलाई हानि पुर्‍याउने धम्की दिएका थिए । अपहरणकारी ती व्यक्तिले बन्धक रिहाइका लागि आफुले केही व्यक्तिसँग कुरा गर्न चाहेको बताएका थिए । प्रहरी अधिकारीहरूका अनुसार ती व्यक्ति मानसिक रूपमा अस्थिर देखिएका थिए भने प्रहरीले परिस्थितिलाई सावधानीपूर्वक सम्हालेको छ । अपहरणपछि तत्काल मुम्बई प्रहरीद्वारा जारी गरिएको एक विज्ञप्तिमा घटनाको पुष्टि गर्दै भनिएको छ, "मुम्बईको पवई क्षेत्रमा रोहित आर्या नाम गरेका एक व्यक्तिले केही बालबालिकालाई बन्धक बनाएका छन् । उनले सार्वजनिक गरेको एक भिडियोमा उनी केही व्यक्तिहरूसँग कुरा गर्न चाहेको र त्यसो गर्न अनुमति दिइएन भने उनले सबै चीजमा आगो लगाइदिने र आफू र बच्चाहरूलाई हानि पुर्याउने चेतावनी दिएका थिए ।" समाचार तयारपार्दासम्म प्रहरीले सबै बालबालिकालाई सकुशल उद्धार गरी अभिभावकको जिम्मा लगाएको पुष्टि गरेको छ । प्रहरीले अभियुक्तलाई हिरासतमा लिइएको र उनको कार्यको कारण पत्ता लगाउन र उनको मानसिक अवस्थाको परीषण गर्न सोधपुछ भइरहेको बताएको छ । प्रहरीद्वारा बालबालिकाको रिहाइपछि दिइएको जानकारीमा भनिएको छ ।

# तानसेनमा आज जेन–जीको राष्ट्रिय सम्मेलन हुँदै

## पाल्पाबाट एकता, सुशासन र भ्रष्टाचार अन्त्यको सन्देश दिइने

हाम्रा संवाददाता

**पाल्पा,** कार्तिक १४/जिल्लाको तानसेनमा आज जेन-जीको राष्ट्रिय सम्मेलन हुँदै छ । आन्दोलनमा संलग्न सबै समूहलाई एकीकृत गरी एकता, सुशासन र भ्रष्टाचार अन्त्यको सन्देश राष्ट्रिय रुपमा फैलाउने उद्देश्यले राष्ट्रिय सम्मेलन हुन लागेको हो ।

जेनजीले शुक्रबार तानसेनमा पत्रकार सम्मेलन गरी राष्ट्रिय सम्मेलनको तयारीको पुरा भएको जनाएको छ । सम्मेलनमा देशका ६५ वटा जिल्लाका जेनजी प्रतिनिधिहरु, प्रदेश संयोजकहरु र केन्द्रीय जेनजी अभियन्ताहरुको सहभागिता रहने जनाइएको छ । पत्रकार सम्मेलनमा राष्ट्रिय सम्मेलनका अगुवा विज्ञान घिमिरेले सम्मेलनले निकाल्ने निष्कर्ष र पाल्पा घोषणा पत्रले देशभरका जेन-जीहरु एक भएर अगाडि बढ्ने बताए । उनले भने "पाल्पाबाट जेन-जीको राष्ट्रिय एकताको सन्देश दिन सम्मेलन गर्दैछौं ।"

सम्मेलनले राष्ट्रिय सन्देशसहितको दस्तावेज तयार गर्ने अगुवा घिमिरेले बताए । उनले पत्रकारहरुले राखेको जिज्ञासाको जवाफ दिदैं अहिले जेनजीहरु विभिन्न खेमामा देखिए पनि उनीहरुलाई छिट्टै एक ढिक्का बनाउने गरी काम भएको बताए । उनले भने "जेनजीहरुको नेतृत्व गर्नेहरुको विस्तारै पहिचान हुँदै गएको छ । हामी सबै जेनजीहरुलाई



एकै ठाउँमा ल्याएर नयाँ सोच र परिवर्तन गर्ने दिशामा छौं ।" परिवर्तन चाहनेहरुलाई सम्मेलनमा सहभागी हुन पाल्पाका जेनजी अगुवा उमेश भण्डारीले आग्रह गरे । उनले भष्टाचार नियन्त्रण र सुशान कायम राख्दै राष्ट्रिय एकता स्थापित गर्न पाल्पाको सम्मेलन महत्वपूर्ण हुनेमा विश्वास व्यक्त गरे । उनले जेनजी परिवर्तनको बाटोमा अगाडि बढेकाले कोही पनि डराई हाल्न नपर्ने स्पष्ट पारे । जेनजीबाट आम नागरिकमा डर त्रास पैदा भइरहेको भन्ने पत्रकारहरुको जिज्ञासामा उनले भने "गलत नगर्नेहरु हामीसँग डराउनु पर्दैन, तर भ्रष्टाचार गर्नेहरुलाई भने हामीले कानुन सम्वत रुपमा खबरदारी भने गर्छौं ।" भण्डारीले अब आउदै गरेको निर्वाचनमा घुस खाने र भ्रष्टाचार गर्नेहरुलाई रोक्नु हाम्रो मुख्य उद्देश्य रहेको समेत बताए । सम्मेलनमार्फत नै दलहरूलाई भ्रष्टाचारको अन्त्य गराउने प्रतिवद्धता जनाउन आग्रह गरिने पनि उनको भनाई छ । सम्मेलन तानसेन नगरपालिकाको हलमा शनिबार ठिक ११ बजेदेखि सुरु हुने पाल्पाका अर्का जेनजी अगुवा सुशिल बस्यालले बताए । उनले सम्मेलनमा चार सय जनाको सहभागीता रहने जानकारी गराए । सम्मेलनमार्फत युवाहरुको आवाजलाई नीतिगत रुपमा राष्ट्रियस्तरमा पुऱ्याउने, शिक्षामा सुधार, रोजगारीको अवसर र नेतृत्व विकासको ठोस योजना सार्वजनिक गरिने, जेनजी बडापत्र सार्वजनिक गरिने, जेनजी आन्दोलनका क्रममा मृत्यु भएका जेनजीहरुको स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गरिने, स्थानीय तहका जनप्रतिनिधिहरुको परिचयका लागि स्थानीय तहका प्रमुखहरुको तस्वीर प्रर्दशन गरिने जानकारी गराए ।

## सभामा बोल्दैगर्दा ढलेका मजदुर नेता गौतमको निधन

**भैरहवा (रुपन्देही),** कात्तिक १४/ उद्योगमा विद्युत् कटौती भएको बिरोधमा मन्तव्य राख्दै गर्दा ढलेका नेपाल ट्रेड युनियन महासै (जिफन्ट) नेपालका उपाध्यक्ष कमल गौतमको मृत्यु भएको छ । सिद्धार्थ उद्योग वाणिज्य सैले विद्युत् कटौतीको विरोधमा आयोजना गरेको कार्यक्रममा संस्थागत धारणा राख्नेक्रममा ढलेर जिफन्टका उपाध्यक्ष गौतमको विहीबार मृत्यु भएको हो ।

सम्बोधनका क्रममा विद्युत महशुल भुक्तानी नगरेको निहुँमा लाइन काटिदिँदा २५ हजार श्रमिकको रोजगारी गुमेको तथा उद्योगी व्यवसाय धरापमा परेको भन्दै उनी आक्रोसित देखिन्थे । 'श्रमिकलाई गुमाउन नचाहेको बताउँदै गर्दा उनको बोली लरबरिएको सुनिन्थ्यो भने 'अत: यो कारणले' भन्दै गर्दा उनी ढलेको र तुरुन्तै अस्पताल पुर्याउँदा उनको निधन भइसकेको भन्ने दु:खद समाचर सुन्न परेको सिद्धार्थ उद्योग वाणिज्य सैका अध्यक्ष नेत्रप्रसाद आचार्यले जानकारी दिए । सो कार्यक्रममा करिब तीन मिनेट मात्र मन्तव्य राख्न भ्याएका उपाध्यक्ष गौतम अकस्मात ढलेपछि करिब १५ मिनेटभित्र नजिकको अस्पताल पुर्याइएपनि उनको निधन भइसकेको अस्पताल प्रशासनले जनाएको छ । बुटवल ज्योतिनगरका ६२ वर्षीय गौतमले मुलुकको ट्रेड युनियन आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दैआएका थिए । यस क्षेत्रका १३ वटा उद्योगमा विद्युत् कटौती भएको विरोधमा आयोजित उक्त कार्यक्रममा पनि उनले श्रमिक तथा मजदुरकै पक्षमा बोलेको सैका अध्यक्ष आचार्यले जानकारी दिए । *-रासस*

## आज हरिबोधिनी एकादशी, तुलसीको विवाह गरिदैं

**पाल्पा,** कार्तिक १४/ आज हरिबोधिनी एकादशी, तुलसीको विवाह गरी मनाइँदैछ । प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीका दिनमा भगवान् विष्णुको प्रतीकका रुपमा तुलसीको विवाह दामोदरसँग विवाह गरेर विशेष पूजा गरी मनाइने गरिन्छ ।



हरिबोधनी, ठूली एकादशी वा तुलसी विवाहको नामले प्रसिद्ध यसदिन विशेष गरी विष्णु भगवानको पूजासहित तुलसी विवाहको उत्सव मनाइन्छ । आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीर सागरमा सुत्नुभएका विष्णु आज ब्युँझने भएकाले यो एकादशीलाई हरिबोधनी वा प्रबोधिनी एकादशी पनि भनिन्छ । हरिशयनीदेखि हरिबोधनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा-आराधना गर्दछन् । विष्णु क्षीर सागरमा सुतेकाले यी चार महिना विवाह व्रतबन्ध जस्ता मांगलिक कार्य नगरिने परम्परा छ । यस समयमा खोला, नदी नालामा बाढी-पहिरो आउने र सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ । हरिशयनी एकादशीका दिन घरघरमा रोपेर विशेष पूजा गरिएको तुलसीको मठमा गाईको गोबर र रातो माटोले पोतेर सिँगारी फूल मालाले सजाएर विष्णुको तुलसीसँग विवाह गरिन्छ । तुलसी विष्णुप्रिया भएकाले यसदिन तुलसीको विवाह विष्णुसँग गर्ने परम्परा बसेको हो । तुलसीको मठनजिकै विष्णुको प्रतीकका रूपमा निगालाको लिंग गाडेर विधिपूर्वक पूजा गर्ने गरिन्छ । आजै देशभरका नारायण स्थान र मन्दिरमा विशेष पूजा गरी यो पर्व मनाइन्छ । आदि कालदेखि पूजाको परम्परा बसेको तुलसीको महिमा वैज्ञानिक रूपमा पनि लाभदायक प्रमाणित भएको छ । तुलसीको मठ हुने घरलाई तीर्थ समान मानिन्छ । तुलसीको सुगन्धले दश दिशा पवित्र हुन्छ भनिन्छ । तुलसीको पूजा गरिएको घरमा यमदूत पनि पस्दैनन् भन्ने आस्थाका कारण हिन्दू धर्मावलम्बीले घरमा तुलसीको मठ बनाउँछन् । तुलसीको पात, डाँठ, वा फूलको रस रुघाखोकी र औलोलगायत रोगका लागि औषधि हुन्छ । यो रस शरीरमा लगाएर सुतेमा लामखुट्टेले टोक्दैन । तुलसीको मठ भएको स्थल वरपर विषालु सर्प पनि आउँदैनन् । मठको वरपर बहने हावाले विषालु किटाणुलाई नष्ट गर्छ । शरद् ऋतुभर सबै प्राणीका लागि तुलसीलाई महाऔषधि मानिन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## तुलसी र हरिशयनी एकादशी

तुलसी सबैभन्दा बढी अक्सिजन फ्याँक्ने वनस्पति हो । तुलसीमा एन्टी अक्सिडेन्ट भएकाले घर आँगनमा रोपेको तुलसीले घरवरिपरि वातावरण स्वच्छ रहने र हावामा भएका आँखाले देख्न नसकिने कीटाणुसमेत नष्ट गर्न मद्दत गदर्छ । तुलसीलाई हिन्दू परम्परामा विष्णु भगवानको प्रतिक मानिन्छ । घरमा तुलसीको मठ राखे सुख–समृद्धि हुने धार्मिक मान्यता त छँदैछ, यसको लाभ वैज्ञानिक रूपमा समेत प्रमाणित छ । रुघाखोकी, ज्वरो जस्ता थुप्रै बिरामीहरूको उपचारमा तुलसी, घरेलु औषाधिका उपयोगमा ल्याउने गरिन्छ । तुलसी घरमा रोप्नाले घर वरपर नकारात्मक उर्जाहरू नास हुने मान्यता पनि छ । हिन्दूहरूका लागि तुलसीको निक्कै महत्व रहने गरेको छ । त्यसैले कार्तिक शुक्ल एकादशी अर्थात हरिबोधिनी एकादशीका दिन तुलसीको विवाह गर्ने गरिन्छ । सनातन समाजमा आषाढ शुक्ल एकादशीमा आँगनमा तुलसी रोप्ने र चार महिनासम्म पूजा गर्ने परम्परा छ । यो अवधिलाई चतुर्मास भनिन्छ । चतुर्मासभर 'विष्णुप्रिया'को रूपमा पूजा गरेर तुलसीलाई हरिबोधिनी एकादशीमा भगवान् विष्णुसँग विवाह गरिदिने परम्परा छ ।

एकादशीमा पूजाअर्चना र व्रत बस्नाले सम्पूर्ण पापको मोचन हुने विश्वास रहिआएको पाइन्छ । भविष्योत्तरा पुराणमा उल्लेख भए अनुसार सर्वप्रथम यस एकादशीको महिमा भगवान् ब्रह्माले नारदजीलाई भनेको र पछि युधिष्ठिरले भगवान् कृष्णलाई पनि भनेको उल्लेख छ । प्रत्येक हिन्दू धर्मावलम्बीको घरको देब्रेपट्टि बनाएको मठमा तुलसीको बेर्ना सारिने कार्य पनि यस दिन गरिन्छ । यो एकादशीमा व्रत बस्दा मनोकांक्षा पूरा हुने विश्वास गरिन्छ । यमराजका दूतलाई रोक्नका लागि विष्णुधारी तुलसीको बिरुवा घरअगाडि मठ बनाएर रोप्ने गरिन्छ हाम्रो देशको वैदिक दृष्टिकोणमा हरिशयनी एकादशीको ठूलो महत्व रहेको छ । तुलसीको पूजा हुने भएकाले हिन्दूकै महत्वपूर्ण पर्व हरिशयनी एकादशी स्वीकार्य बनेको छ । तुलसीको महत्व जीवनको उदयदेखि अन्त्यसम्म रहेको छ । कुश, तुलसी र पीपलको महत्व पूर्वीय संस्कृतिमा विश्वास गर्नेका लागि जीवनको हृदयझैं महत्व रहेको कुरा वैदिक साहित्यमा सर्वत्र चर्चा भएको पाइन्छ । तुलसी आफैमा सर्वगुणी भएकाले यसको संरक्षण आवश्यक छ । अर्कोतिर, यसको साइनो स्वास्थ्यसँग जोडिएकाले सफा र सहज ठाउँमा हुनुपर्छ । घरको आँगनमा तुलसी रोप्दा त्यसको प्रयोगमा त सहज हुन्छ नै घरको वातावरण राम्रो बनाउँछ । यसर्थ तुलसीको उपयोगिता र महत्व मानव जीवनमा अपरिहार्य बनेको छ ।

### Opinion @ Social Network

सबै संग सबै गुण हुँदैन
तिमी संग सुन्दरता होला
म संग ईमानदारिता छ ।

*(गोविन्द गाहाको* ***फेसबुक स्टाटसबाट*** *www.facebook.com/Gobin.Gaha)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# फलफूल र तरकारीमा विषादी: अब गम्भीरतापूर्वक मापन गर्नुपर्छ



**ढाकाराम भण्डारी**

*विषादी मापन गर्न नेपालमा पनि राम्रो प्रयास भइरहेको देखिन्छ । हो, जसलाई र्‍यापिड टेस्ट किट पनि भनिन्छ । र्‍यापिड टेस्ट किटहरू सामान्यतया तरकारी वा फलफूलमा कीटनाशकको उपस्थिति छ कि छैन भन्ने प्रारम्भिक जानकारी दिन प्रयोग गरिन्छन्। यी किटहरू विशेष किसिमका रासायनिक प्रक्रिया वा एन्जाइमको माध्यमबाट काम गर्छन्, जसले यदि कीटनाशक उपस्थित भएमा रंग परिवर्तन गरी संकेत दिन्छन् ।*

नेपाल लामो समयसम्म कृषिप्रधान देश रह्यो । अझै पनि कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान पाँच भागको एक भाग भन्दा बढी नै आधारित छ । तर यहाँका अधिकांश किसान साना र सीमित स्रोतमा सञ्चालित छन् । बालीमा कीरा, रोग, झार आदिको आक्रमण रोक्न कीटनाशकको प्रयोग अत्यावश्यक भएको छ । यसले उत्पादन जोगाउँछ, उत्पादन वृद्धि गर्छ, उपभोक्तालाई सस्तोमा खाद्य वस्तु उपलब्ध गराउँछ । उदाहरणका लागि, काउली वा गोलभेंडामा एकपटक कीरा लागेपछि पूरै बाली नष्ट हुन सक्छ। कीटनाशक विना धेरै किसान उत्पादन गुमाउने अवस्थामा पुग्छन् । आजको कृषि प्रणालीमा सीमित र नियन्त्रित तरिकाले विषादीको प्रयोग गर्नु एक अपरिहार्य सत्य हो । तर कृषि उत्पादनमा विषादीको मात्रा अनिवार्य रूपमा मापन हुनुपर्छ । अझ थप उल्लेखनीय कुरा के भने यदि कसैले जैविक खेती गरिरहेको छ भने, त्यसमा प्रयोग गरिने विषादीको मात्रा अत्यन्त न्यून हुन्छ वा जैविक मानक अनुसार नियन्त्रित हुन्छ, र यो प्रमाणित गर्न पनि विषादी मापन गर्न अनिवार्य छ । विश्व स्वास्थ्य संगठनका अनुसार हाल १ हजार भन्दा बढी कीटनाशक कृषि क्षेत्रमा प्रयोग भइरहेका छन् । यी मध्ये धेरै रसायन यस्ता छन् जुन वातावरणमा वर्षौंसम्म नष्ट हुँदैनन् । खाद्य तथा कृषि संगठनको अध्ययन अनुसार, धेरै प्रयोग हुने कीटनाशकहरू अन्तर्राष्ट्रिय सुरक्षाका मापदण्डमा नपुगेका, र मानिस तथा वातावरणका लागि अत्यन्त हानिकारक छन् । पेस्टिसाइड एक्सन नेटवर्कका अनुसार, हरेक वर्ष विश्वभर ४० लाख टनभन्दा बढी कीटनाशक बिक्री हुन्छ, जसमा झार मार्ने (५० प्रतिशत), कीरा मार्ने (३० प्रतिशत) र ढुसी मार्ने (१७ प्रतिशत) प्रमुख छन् । नेपालमा उत्पादित वा आयातित तरकारी र फलफूलमा कति कीटनाशकको प्रयोग भएको छ भन्ने प्रश्न अझै अनुत्तरित छ । यो केवल सतही जिज्ञासा होइन, गम्भीर चासो हो । हाम्रा थालसम्म आइपुगेका तरकारी र फलफूल साँच्चै सुरक्षित छन् त ? तिनमा बाँकी रहेको विषादीको मात्रा कति हो ? अनि, हामी किन अझैसम्म त्यसको वैज्ञानिक परीक्षण गर्न असमर्थ छौं ? सबैभन्दा कठिन र जटिल प्रश्नचाहिं यही हो, हाम्रो भान्सामा पुग्ने दैनिक तरकारी र फलफूलमा कति विषादी बाँकी छन् ? जति सहज यो प्रश्न सुनिन्छ, त्यसको उत्तर त्यति नै जटिल छ । खाना आफैंमा हजारौं रासायनिक तत्वहरूको एक जटिल समिश्रण हो । सामान्यतया खेतीबालीमा प्रयोग गरिने कीटनाशकहरू हाम्रो थालसम्म पुग्दा प्राय: अति कम मात्रामा बाँकी रहन्छन् जस्तै प्रति दश लाखको एक भाग (पीपीएम), प्रति अर्बको एक भाग (पीपीबी, पार्टस् पर विलियन) वा प्रति दश खर्बको एक भाग (पीपीटी, पार्टस् पर ट्रिलियन) । पीपीएमभन्दा पीपीबी र पीपीबीभन्दा पीपीटी हजार गुणा सानो हुन्छ । उदाहरणका लागि, यदि तपाईंले एक स्वीमिङ पुलभरि पानी भर्नुभयो र त्यसमा विषादीको केवल एक थोपा घोल्नुभयो भने, त्यसलाई लगभग १ पीपीबी मान्न सकिन्छ । यस्ता सूक्ष्म मात्रामा रहेका अणुहरूलाई हाम्रो खानाको विशाल रासायनिक 'समुद्र' बाट छुट्याउनु, पहिचान गर्नु र तिनीहरूको मात्रा मापन गर्नु वैज्ञानिक दृष्टिले अत्यन्त जटिल कार्य हो । यो कामलाई एउटा ठूलो परालको थुप्रोभित्रबाट एउटा सियो खोज्नु मात्र होइन, त्यो थुप्रोभित्र कति वटा साना सियो छन् भन्ने पत्ता लगाउनु जस्तै जटिल ठान्नुपर्छ । त्यसका लागि केवल आँखा र सामान्य प्रविधिले मात्र पुग्दैन, उच्च प्रविधिको वैज्ञानिक उपकरण, दक्षता, अनुभव र संयमता आवश्यक हुन्छ । विषादी मापन गर्न नेपालमा पनि राम्रो प्रयास भइरहेको देखिन्छ। नेपालमा प्रयोग भइरहेको प्रमुख परीक्षण उपकरण र्‍यापिड बायोएसे अफ पेस्टिसाइड रेसिड्यु (आर.बी.पी.आर.) हो, जसलाई र्‍यापिड टेस्ट किट पनि भनिन्छ । केही निकाय र कार्यक्रमहरूले र्‍यापिड टेस्ट किट प्रयोग गर्न थालेका छन् । र्‍यापिड टेस्ट किटहरू सामान्यतया तरकारी वा फलफूलमा कीटनाशकको उपस्थिति छ कि छैन भन्ने प्रारम्भिक जानकारी दिन प्रयोग गरिन्छन्। यी किटहरू विशेष किसिमका रासायनिक प्रक्रिया वा एन्जाइमको माध्यमबाट काम गर्छन्, जसले यदि कीटनाशक उपस्थित भएमा रंग परिवर्तन गरी संकेत दिन्छन् । खासगरी मालाथिएन, पाराथिएन वा क्लोरोपाइरिफस जस्ता अर्ग्यानोफस्फेट समूहका र कार्बारिल, कार्बोफुरान र कार्बोसल्फान जस्ता कार्बामेट समूहका विषादीहरू पत्ता लगाउन यिनीहरू प्रभावकारी मानिन्छन् । प्रयोगको लागि नमूना लिइन्छ, रसायनसँग मिसाएर परीक्षण गरिन्छ र नतिजा रंग परिवर्तनबाट अनुमान गरिन्छ । यद्यपि यस्ता टेस्ट किटहरूको सीमा छ । यो प्रविधिले विषादीको सही परिमाण जनाउन सक्दैनन्, सबै प्रकारका विषादी पत्ता लगाउन सक्दैनन् र कहिलेकाहीं गलत नतिजा पनि दिन सक्छन् । त्यसैले यिनीहरू प्रारम्भिक छानबिनका लागि उपयुक्त भए पनि, वैज्ञानिक वा कानूनी प्रमाणको रूपमा उपयोग गर्न सकिंदैन । विज्ञानको दृष्टिले हेर्दा, यस्ता टेस्ट किटहरू धुवाँ देखाउने यन्त्र जस्तै हुन्, असली आगो कति ठूलो छ भन्ने बुझ्न भने अझ गहिरो विश्लेषण र मास स्पेक्ट्रोमेट्री जस्ता अत्याधुनिक प्रविधि आवश्यक पर्छ । र्‍यापिड टेस्ट किट परीक्षण प्रारम्भिक छानबिनका लागि ठीक होला, तर सार्वजनिक स्वास्थ्य वा नीतिनिर्माणका लागि उपयुक्त छैन । अति संवेदनशील विषादीका लागि अनुमान होइन, प्रमाण चाहिन्छ । यसले एउटा गम्भीर नीतिगत कमजोरीलाई उजागर गर्छ । सरकारले जनस्वास्थ्यको सुरक्षा जस्तो संवेदनशील विषयका लागि पनि सतही र न्यून प्रभावकारी उपायहरूलाई प्राथमिकता दिएको देखिन्छ । र्‍यापिड टेस्ट किटहरूमाथिको निर्भरताले जनतालाई खाद्य सुरक्षाको झूटो आश्वासन दिएको छ । यसले सार्वजनिक विश्वासलाई कमजोर पार्छ र वास्तविक समस्याको समाधानमा बाधा पुर्‍याउँछ । यस्तो अभ्यासले अत्याधुनिक प्रविधि र उपयुक्त परीक्षणको आवश्यकतालाई ओझेलमा पारी स्रोतको दुरुपयोग मात्र गर्दैन, बरु समस्यालाई अझ गहिरो बनाउँछन् । मास स्पेक्ट्रोमेट्री एक उच्च-प्रविधिक विधि हो जसले परिमाणात्मक र यथार्थपरक नतिजा प्रदान गर्छ। कीटनाशकको प्रकृति अनुसार विश्लेषणका लागि जी.सी-एम.एस ( ग्यास क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री) वा/र एल.सी.एम.एस (लिक्विड क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री) प्रयोग गरिन्छ । यसले सयौं विषादी एकैपटक पहिचान गरी पीपीबी वा पीपीटी स्तरको संवेदनशीलता सहित परिमाण मापन गर्न सक्छ । यसको संवेदनशीलता र विश्वसनीयता उच्च रहेको कारण यो नियामक अनुपालन, वैज्ञानिक अनुसन्धान र विश्वव्यापी खाद्य सुरक्षा मापदण्डका लागि मान्यताप्राप्त छ। यद्यपि यसको प्रारम्भिक लागत धेरै उच्च छ र यसको लागि मास स्पेक्ट्रोमेट्री र विश्लेषणात्मक रसायन विज्ञान ( एनालिटिकल केमेस्ट्री) मा विशेषज्ञताको आवश्यकता पर्छ । र्‍यापिड टेस्टकिटले प्रारम्भिक छानबिनमा सहयोग गर्न सक्छ भने मास स्पेक्ट्रोमेट्रीले अन्तिम र निर्णायक परिणाम दिन्छ । खाद्य सुरक्षाको दीर्घकालीन लक्ष्यका लागि नेपालले मास स्पेक्ट्रोमेट्री जस्ता अत्याधुनिक प्रविधि र दक्ष जनशक्तिमा अझै बढी लगानी र यसको प्रयोग नियमित गर्नुपर्छ । नेपालमा अध्यापन हुने सम्बन्धित विषयहरू जस्तै कृषि, वातावरण विज्ञान, खाद्य प्रविधिमा स्नातक गर्ने विद्यार्थीले मास स्पेक्ट्रोमेट्रीको सीमित सैद्धान्तिक ज्ञान मात्र पाउँछन्। दुर्भाग्यवश नेपालका धेरैजसो विश्वविद्यालय र क्याम्पसमा ग्यास क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री वा लिक्विड क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री जस्ता अत्याधुनिक उपकरणहरू उपलब्ध नै छैनन् । केही ठाउँमा भए पनि, विद्यार्थीले तिनको प्रयोग गर्ने अवसर अत्यन्त सीमित छ । केवल किताबी ज्ञानले मात्र विश्लेषणात्मक प्राविधिक तयार हुँदैन । आफ्नो हातले छुन पनि नपाएका यी विद्यार्थी सर्जरी अभ्यास नगरेका सर्जन जस्तै हुन्छन् । अझ गम्भीर समस्या भनेको नीतिनिर्माताको दृष्टिकोणमा छ । यस्ता विशिष्ट प्रविधि प्रयोग गर्न सक्ने दक्ष जनशक्तिलाई सामान्य प्रशासनका कर्मचारी झैं एक/दुई वर्षमा सरुवा गर्ने मानसिकता राखेर यो क्षेत्रलाई चलाउन सकिंदैन । ग्यास क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री वा लिक्विड क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री जस्ता जटिल उपकरणहरू चलाउन केवल 'सामान्य तालिम' होइन, गहिरो अनुभव र निरन्तर अभ्यास आवश्यक पर्छ ।

कुनै कार्यालयमा यस्ता उपकरण छन् भने पनि, दक्ष प्रयोगकर्ता नहुँदा ती केवल सजावटका वस्तु बन्न सक्छन् । कीटनाशक परीक्षण केवल स्वास्थ्यको कुरा होइन यो जनमानसको भरोसा, राष्ट्रको जिम्मेवारी र पुस्ताको भविष्यको कुरा हो । अब विज्ञानसँग हातेमालो गरेर नीतिलाई अघि बढाउने समय आएको छ । हाम्रो थालमा आउने प्रत्येक खानाले अनुमानित, होइन विज्ञानद्वारा प्रमाणित सुरक्षाको ग्यारेन्टी माग्छ । अब यो ग्यारेन्टी प्रदान गर्नुछ र यसको दायित्व विज्ञान बुझ्ने नीतिनिर्माताको काँधमा छ । कसले सोचेको थियो कि हाम्रा किसानको पसिना, श्रम र प्राणले सिञ्चित माटोमा उम्रेका अंकुरहरूमाथि एक दिन 'यी विषालु छन् कि' भनेर प्रश्न उठ्नेछ? आज विज्ञानलाई मौन गराइएको छ, नीतिनिर्माताले यस मुद्दालाई प्राथमिकता दिन असफल भएका छन्, र हाम्रो थालमा खतराको स्वाद घुलिरहेको छ कि छैन भन्ने कसैलाई पत्तो छैन । त्यो स्वादमा मिसिएको अज्ञात रसायन कति छ र कस्तो असर पार्दैछ भन्ने कुरा बुझ्न अब विज्ञानको आँखा चाहिन्छ। विषादी मापन गर्न गाह्रो छ भन्ने कुरा सत्य हो तर नेपालले विज्ञान र नीतिको समन्वय गरेर यसलाई सजिलो बनाउन सक्छ । अबको आवश्यकता ठोस कार्यान्वयनको हो । त्यो कार्यान्वयनमा ल्याउने जिम्मा विज्ञानको हो, र निर्णयको जिम्मा नीतिनिर्माताको ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : व्यवसायमा मनग्य लाभ रहनेछ। सहकारी संस्थाबाट लाभ पाइनेछ।
**वृष** : स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। सवारी साधनमा धन खर्च हुनेछ।
**मिथुन** : शारीरिक पक्ष सबल रहनेछ। पदस्थ व्यक्तिको साथ र सहयोग पाइनेछ।
**कर्कट** : परोपकारी कार्यमा प्रवृत्त भइनेछ शुभचिन्तकहरुको सहयोग मिल्लेछ।
**सिंह** : रोकिएका काम बन्नेछन्। अध्ययन र सृजनात्मक क्षेत्रमा विकास हुनेछ।
**कन्या** : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोला।
**तुला** : साथीभाईहरूको सहयोगले कार्य बन्नेछ। क्षेत्रमा प्रभुत्व जगाउन सकिनेछ।
**वृश्चिक** : स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। यात्रा सुखदाई रहनेछ।
**धनु** : आँटेको कार्यमा सफलता मिल्नेछ। मेहनतले उपलब्धी दिलाउनेछ।
**मकर** : कार्यक्षेत्रमा जोश जागर बढ्नेछ। मानसिक रूपले थकान महसुस हुनेछ।
**कुम्भ** : नयाँ कार्य थाल्नुभन्दा पहिलाको कामलाई नै निरन्तरता दिने प्रयास गर्नुहोस्।
**मिन** : परिवारमा मनमुटाव रहन सक्छ। युवा वर्गहरूमा प्रेम प्रसंग प्रारम्भ हुन सक्छ।

# साहित्य दर्पण

कथा — विमल लामिछाने

## माफ गर, म अर्कैकी भइसकेँ !

**_मान्छेहरुलाई लाग्थ्यो उनीहरुको प्रेमलाई नौ रेक्टरस्केलको भूकम्पले पनि हल्लाउन सक्ने छैन । दैनिकजसोका सेजलका ती नजरहरुमा स्वाभिमानी मोहनी भरिएका देखिन्थे ।_**

चिसो बिहानको उज्यालोमा, कलेजको पुरानो क्यान्टिनको एक कुनामा भेटिन्छन् नवल र सेजल । चियाको बाफ उडिरहेको कप हातमा थामेर आपसमा जुधीरहेको उनीहरूको नजरको पहिलो भेट गजबको थियो । केही शब्द नबोल्दै एकले अर्कोको नजरको भाव पढिरहेको थियो । त्यहीबेला नेपत्थ्यमा एउटा संगीतको धुन बजिरहेको मन्द आवाज कानमा गुञ्जिन्छ, मानौ गोधुली साँझपख बगैचामा झ्याउकिरीको आवाज झैं । कलेज अवधीभर कहिल्यै छुट्टिएनन् उनीहरु । मान्छेहरुलाई लाग्थ्यो उनीहरुको प्रेमलाई नौ रेक्टरस्केलको भूकम्पले पनि हल्लाउन सक्ने छैन । दैनिकजसोका सेजलका ती नजरहरुमा स्वाभिमानी मोहनी भरिएका देखिन्थे । कहिलेकाहीं आफैंसँग गम्भीर संवादमा डुबेका, कहिलेकाहीं अनायासै मुस्कुराउने, उसको हाँसोमा कुनै अभिमान देखिँदैनथ्यो । नवल र सेजलविचका प्रेमिल भेटहरुमा कुनै प्रेम कथाको श्रृखला थिएन, तर अनुभूतिको एउटा अव्यक्त प्रस्तावना थियो । तर गहिरो आत्मविश्वास एकाएक छचल्किन्छ, जसले नवललाई झस्कायो ।

चियाको सुरुपसँगै सेजलले भनिन्, स्कूलमा जीवनभर पढेका किताबहरूले कहिल्यै धोका दिएनन्, तर मान्छेहरू कहिलेकाहीं छुट्टिन्छन् । नवलले सोचे, शायद प्रेम पनि त्यस्तै होला, सुखद र पीडादायी मिश्रण । उनीहरुको सम्बन्धलाई नाम दिन असम्भव थियो । न त्यो प्रेम बन्यो ? न मित्रता ? या त्योभन्दा बढी केही ? हरेक भेटघाटमा ती अनमोल शब्दहरूको अभाव खड्किँदै गयो, तर मनहरूको निकटता घटेको महसुश नवलले गरेका थिएनन् । सँगै बिताएका ती पलहरू सहरको हलचललाई भुलाउने, मनभित्रको एउटा सौम्य सित्तल हावा जस्तै थिए । अफसोच तर जीवनको वास्तविकताले उनीहरुको सपनाहरूलाई लामो टिक्न दिँदैन । सेजलको एउटा बनावटी मुस्कान सहितको अनुमतिजन्य आग्रहले नवलको मनमा अनेकौं प्रश्न जन्मायो, म केही समयका लागि दिदीघर जाँदैछु है, एक्लो महशुस नगर्नु नि । तर म सम्पर्कमा हुन्छु नि । त्यो सामान्य भनाइमा एउटा सूक्ष्म छुटकारा थियो, जुन नवलले बुझ्न सकेन । समयले आफूलाई छिपाउँदै थियो । दिन विते, हप्ता बित्यो, गन्तीमा महिनाहरू आउन थाले । नवलको फदयमा सेजलको नाममात्र रह्यो, अनि अन्तत: मोबाइल स्क्रिनमा एउटा छोटो म्यासेजले नवलको फदय चटक्कै चुँडियो । "माफ गर, म अर्कैकी भइसकेँ !" त्यो म्यासेजका अक्षरहरूले सँगालेका भावनाहरू अचानक थन्किए । नवलको जीवनमा एउटा अधूरो अध्याय बन्द भयो, तर त्यो अन्त्य कसैको विजय थिएन, एउटा आन्तरिक द्वन्द्व थियो, समाजले बनाएको बन्धन र व्यक्तिगत स्वतन्त्रताको टकराव थियो । न कि नवल र सेजलविचको उच्चता र निचताको बन्धनलाई उनीहरुले बुझ्नै सकेनन् । नवलको जस्तै विरहमा अनुप पनि थिए । अनुप नवलका पुराना साथी हुन् । आफैंले प्रेमको पीडामा अनेकौं चोट खाएका युवक हुन् उनी । अनुपको आँखामा थियो नमेटिने गरी गढेको एउटा गहिरो निराशा, जसले प्रेमलाई केवल धोका र भ्रमको नाम मात्र मान्थ्यो । उसले नवललाई सान्तवना दिँदै भने, "के हामी सबैले प्रेमलाई गलत ठानेका थियौं ? कि यो यति क्षणभंगुर र धोखाधडी मात्र हो ?" हामीले एकले अर्कोको भावना बुझ्न कोषिश गरेनौं ? समाजमा गहिरोगरी जमेर बसेको विभेदको गाँठो सदाकालागि फुकाउन हामी कहाँ चुक्यौं ? हामीले समाजको अन्तरविरोध नै बुझेनौं त ? अनि कसरी मान्छेको मन बुझ्न सक्छौं ? तर जीवन आफैं प्रश्नहरूको उत्तर दिन्छ । अनुपको जीवनमा प्रमिला आइन् । एक नि:सन्देह, धारिलो, तर अन्तर्मुखी युवती, जसले उसलाई प्रेमको नयाँ अर्थ सिकाइन् । के प्रेम केवल पीडामा मात्र सीमित छ ? प्रमिलाले प्रश्न गरिन् । के प्रेम सौदावाजी हो ? तिमी पुरुषहरुले सोचेकै भरमा कुनै नारीहरुले आफूलाई समर्पण गरिदिउन् ? आत्मनिर्णय त स्वतन्त्रताको सम्मान हो । जहाँ कसैले कसैलाई बाँध्दैन, न त पर्खाइमा थुनिन्छ ।" यो संवादले अनुपलाई परिवर्तनको यात्रा शुरु गरायो । जहाँ उनको प्रेमको अर्थ नियन्त्रण थिएन, न कि पारस्परिक विश्वास र सम्मान नै थियो । त्यसैबीच, नवल र उदय पुराना सम्झनाहरू लिएर भेट भए । उनीहरूले सम्झे ती दिनहरू । साझा सपनाहरू, एउटै क्यान्टिनमा बसेका अधुरो मायाको भाव, चियाको चुस्कीसँगै साटेका समयका यादहरु । प्रमिलाले भनेका सबै कुराहरु सेयर गरे । र दुबैजना निष्कर्षमा पुगे, आजको प्रेममा मात्र सौदाबाजी भएको छ, जहाँ भावनाभन्दा सुविधा र स्वार्थले बढी महत्व पाउने गर्छ । दुबैलाई लाग्यो आजको पुस्ताले बास्तविक प्रेमको भाव नै बुझेको छैन । केवल रुप र विलासीतामा बहकिएको छ नया पुस्ता ।

सेजलको छुट्टिनुलाई नवलले प्रेमको असफलता होइन, समाजको अस्वस्थ संरचनाको दण्ड ठाने । जातीय पूर्वाग्रह, सामाजिक बन्धन, र आधुनिक जीवनशैलीले प्रेमलाई जर्जर बनाएको थियो । उनले समाजलाई मसिनो गरी बुझ्ने मौका पाए । अको साँझ नवल, अनुप र प्रमिला शहरको एउटा शान्त पार्कको कुनामा बसेर प्रेमको नयाँ परिभाषा खोज्दै थिए । नवलले भन्यो, "सेजलले मलाई मेरो अधूरोपनालाई देखाइन्, जुन म आफैंसँग लडिरहेको थिएँ ।" अनुपले प्रमिलालाई हेरेर भन्यो, "तिमीले मलाई प्रेममा स्वतन्त्रताको महत्व सिकायौ ।" प्रमिला मुस्कुराउँदै भनिन्, "प्रेम कुनै गन्तव्य होइन, एउटा यात्रा हो, जसमा सबैभन्दा पहिले आफैसँगको सम्बन्ध बलियो बनाउनु पर्छ ।" त्यस साँझ, उनीहरूको संवादबाट प्रेमको परिभाषा नयाँ रूपमा बदलिएको छ । तीनैजना ती मधुर र पीडादायी अनुभूतिहरूका साथ, नयाँ यात्रामा निस्केका छन्, जो प्रेमलाई बाँध्ने प्रयास नभएर, समाजलाई बुझ्ने, स्वीकार्ने र बदल्ने प्रयासको साझा अभियान उनीहरुको अन्तिम लक्ष हुनेछ । जो कि अब पुस्तौसम्म प्रेममा कसैले धोका खानु नपरोस् ।

*-समकालीन साहित्य डटकम*

## केही सुसेली



*इन्दिरा ज्ञवाली*
*अध्यक्ष, शीतकाव्य समाज पाल्पा*

चढयौ डोलीमा
क्या राम्री देखें मैले
रातो चोलीमा । १

फुर्के डोरीमा
क्या माया बसेको छ
सुर्के झोलीमा । २

बुट्टे साडीमा
फेवाताल घुमौंला
नयाँ गाडीमा । ३

चल्यो बतास
तिमीलाई नदेख्दा
भएँ हतास । ४

भिर्ने झोलीमा
निकै माया बस्यो है
काली मोरीमा । ५

रवि उदाए
जे जस्तो भएपनि
चित्त बुझाए । ६

ठुस्केर बस्यौ
पस्यौ भित्र कोठामा
भाउ नै कस्यौ । ७

राम्दी घाटैमा
किन जान्छ्यौ सान्नानी ?
माडी फाँटैमा । ८

दिल खोलेको
नपाउँदा भेट्न लै
मन पोलेको । ९

मन साँचेको
भेट हुन पाउँदा
तन नाचेको । १०

निबन्ध — तारा भट्टराई

## रेस्टुरेन्टमा भेटिएकी केटी




अघिल्लो महिना अमेरिकामा पहिलो पटक बेरोजगार भएँ । कम्पनीहरूले लागत कटौती गर्दा अफिसहरू बन्द गर्दा रहेछन् र कर्मचारीहरू निकालिँदा रहेछन् । आखिर कम्पनीको प्राथमिकता त नाफा नै हो, कर्मचारीको स्थायित्व होइन । त्यसैमा म पनि परेँ । तर मैले बुझें कि कुनै कम्पनीले राख्यो वा हटायो भनेर मेरो मूल्य घट्दैन । बरु यसले मेरो सीप, अनुभव र मानवीय गुणलाई अझ तिखार्ने अवसर दियो । बेरोजगारी केवल अन्त्य मात्र होइन रहेछ नयाँ अध्यायको ढोका पनि रहेछ भन्ने कुरा मैले सिकें । तर निरन्तर काममा रमाइरहने बानी परेको मान्छेले जब अचानक खाली समय पाउँछ, त्यो स्वतन्त्रता भन्दा पनि बढी बोझझैँ लाग्दोरहेछ । बिहान उठ्दा घडीले तालिका देखाउँदैन, जीवन आफैं अपरिचित, असहज, कहिलेकाहीँ त डर लाग्दो पनि भइहाल्दो रहेछ । यस्तै अनिश्चितता माझ मनमा लाग्यो र आफैंसँग कुरा गरेँ, "अब त तिमीले मन लागेको गर्न सक्छौ ।" त्यस आवाजले बेरोजगारीलाई पीडा मात्र होइन, अनपेक्षित उपहार दिए झैँ लाग्यो । मैले त्यस समयलाई मानसिक रूपमा पुन: सञ्चालित हुन प्रयोग गरेँ । जीवन फेरि नयाँ ढाँचामा बुनिन थाल्यो ।

शहरका रेस्टुरेन्टहरूले मलाई 'आइज, आइज' भनेर बोलाइरहेका हुन्थे । पहिला पहिला हतारमा कामको तालिका धानेर, जथाभावी केही खाएर दिन बित्थ्यो । तर काम नहुँदा समय मेरो हातमा थियो । अब म चाहेअनुसार हिँड्न सक्थें, चाहेअनुसार कुना कुनाको रेस्टुरेन्टको स्वाद चाख्न सक्थें । रेस्टुरेन्ट चहार्दा मलाई लाग्यो - यो यात्रा केवल खाना खाने होइन, आफैंलाई खोज्ने अभ्यास पनि रहेछ । प्रत्येक परिकारसँग एक नयाँ स्मृति जोडिँदै गयो, प्रत्येक स्वादसँग जीवनलाई बुझ्ने फरक कोण भेटिँदै गयो । त्यसैले, बेरोजगारीले मलाई दु:ख मात्र दिएन, उसले एउटा ढोका पनि खोलिदियो–जहाँ म आफ्नै इच्छा, आफ्नै स्वाद, आफ्नै अस्तित्व र पहिचानसँग अझ नजिकिन थालेँ । एक दिनको कुरा हो । म्यानह्याटनको एउटा भीडभाडपूर्ण रेस्टुरेन्टमा दिउँसोको खाना खान भनेर बसेकी थिएँ । अचानक मेरो दृष्टि छेवैको टेबुलतिर रोकियो । नन् स्पाइसी अर्डर गरेर निश्चिन्ततापूर्वक खाइरहेकी युवतीले पहिलो झलकमा मलाई यो त अमेरिकन केटी होली भन्ने आभास दिलाइन् । स्वाभाविकै थियो त्यहाँ आउने धेरैजसो मानिस मसला कम माग्छन्, अनि ससको प्याकेटलाई झर्को लागेजस्तो गरेर दाँतले टोकेर च्यात्छन् । तर उनले काँटाचम्चा समातेको ढङ्ग, खाना खाने शैली र आँखाको गहिराइ हेर्दा मलाई लाग्यो उनमा कुनै परदेशीपन छैन । बरु उनको हल्का हाँसो र आत्मीयता भरिएको मुहार हाम्रो गाउँठाउँमा लामो झरीपछिको साँझ झैँ शान्त र परिचित लाग्यो । म सोच्न थालें के खानाले मात्र कसैको पहिचान निर्धारण गर्छ त ? उनको चुपचाप खाने ढङ्ग, बीचबीचमा आइस सँगको सोडाको ग्लासतिर हात बढाउने बानी अनि समग्र उपस्थितिले नै कुनै कथा भनिरहेको जस्तो लाग्यो । शायद उनी अमेरिकन होइनन् । शायद उनी यहाँको संस्कृति, भाषा र व्यवहारभित्र हराए पनि आफ्नै स्वाद सम्झिरहेकी अर्को मुलुककी यात्रु पो होलिन् । त्यो म्यानह्याटनको रेष्टुरेन्टनको गन्ध, मसिनो स्वरमा बजिरहेको गीत, अनि छेवैको टेबुलमा देखिएको त्यो साधारण दृश्यबीच म एउटा जिज्ञासामा डुबें - यी केटी कुन देशकी होलिन् ? पहिचान देखेर होइन, बुझ्दा मात्रै पत्ता लाग्छ भन्ने कुरा त्यति बेला स्पष्ट हुँदै गयो । जिज्ञासाले तानेर म उनलाई सोध्न नजिकै पुगेँ । केटी मेरो लागि अपरिचित अनुहार मात्रै थिइनन्ह उनको नजरभित्र कतै अधुरो कथा लुकेको थियो । अपमानले छोपिएको तर अझै पनि बाँच्न चाहने कथा । तर पनि अनुहारमा अडिग शान्ति थियो, मानौं कि मन भित्रको आँधीलाई सम्हाल्दै बसेकी । छालाको रङ अलि गाढा, लुज ड्रेस, टाउकामा हेडफोन पहिलो नजरमै 'नेपाली' भन्ने संकेत कतै थिएन । तर मौनताभित्र गाडिएको कथा हाम्रै देशसँग गाँसिएको रहेछ । सानैमा अनाथ बनेर बालमन्दिर पुगेकी रहिछन् । पहिचानका प्रमाण, कागजपत्र, इतिहास सबै अरूले बनावटी लेखिदिएको । वास्तविक कथा त पूर्व पश्चिम राजमार्गका धुलाम्मे मोडमा हराएको । दक्षिण भारतीय ट्रक ड्राइभरसँगको प्रेमबाट जन्मिएकी उनी, रङ, जात र सामाजिक निर्णयका कारण 'काली' र 'कुरूप' ठहरिइन् । आमाले समेत अँगाल्न नसकेपछि उनको बाटो अनाथाश्रमतिर मोडियो । त्यहाँ उनी अरू बच्चा जस्तै नाम मात्रको बच्चा मात्र थिइनन् । न आफ्नो इतिहास, न भविष्यको संकेत । तर त्यही भीडभाडमा एउटा अमेरिकन दम्पतिले आफ्नो अपूरोपन उनको अनुहारमा पूरा गर्ने सम्भावना खोजे । अनि उनी एडप्ट भइन्, नयाँ अध्यायमा धकेलिइन् । सानै भएकीले उनलाई जन्मको पीडा, आमाको अँगालो, बुवाको अनुहार कुनै स्मृति थिएन । जीवनका अघिल्ला पानाहरू मानौं कसैले च्यातेको किताब झैँ हराएका । पछि मात्र थाहा भयो उनी स्वीकार नगरिएका प्रेमका फल हुन् । अमेरिकामा पुगेपछि जीवन बदलियो । नयाँ परिवार, नयाँ भाषा, नयाँ सम्भावना । तर ठूली भएपछि आफ्नो कथा सुन्दा भित्र कतै पुरानै चोट चसक्क उठ्थ्यो । त्यो स्मृतिको खाली ठाउँमा कुनै कुराले पनि भर्न सकेन । त्यति बेलासम्म कुरा चलिरहेकै थियो, तर अचानक एक जना लक्का जवान आइपुग्यो । उसले संकोच नगरी केटीलाई अँगाल्यो र च्वाप्प म्वाइ खायो । उनीहरू मुस्कानसहित बाहिर लागे । म चुपचाप हेरिरहेँ । दुवै जना हात समातेर यति सहजतापूर्वक हिँडे, मानौं यो संसारमा उनीहरूको बाटो कसैले रोक्नै सक्दैन । तर कटीले मलाई "बाई" भन्नसमेत बिर्सिन् । त्यो क्षण मलाई अचम्म लाग्यो, कति सहजतापूर्वक हिँडिन् उनी 'मानौं आफ्ना रहर र सपनाहरू फुलाउन उनलाई कुनै घेरा र बन्धन थिएन । मनमा प्रश्न उम्लियो यदि यो दृश्य नेपालमै भएको भए ? शायद होइन । त्यहाँ अपमान, जात, परिवार, छरछिमेक, परम्परा सबै घेराले शुरूमै बाटो रोकेको हुन्थ्यो । त्यही क्षण मैले महसूस गरेँ, यहाँ केटीहरूलाई बाँच्ने स्वतन्त्रता छ, जुन मेरो आफ्नै जीवन र जवानीले कहिल्यै चाख्न नपाएको स्वाद हो जस्तो लाग्यो । केटी हिँडेपछि पनि त्यो दृश्य मेरो मनमा रहिरह्यो । कम्तीमा यहाँ प्रेमलाई खुलेआम स्वीकारिन्छ, प्रेम गर्न र प्रेम पाउन योग्य ठहरिन्छ । तर नेपालमा जन्मकथा सहितको घाउ बोकेकी केटीलाई समाजले अस्वीकार गर्थ्यो शायद नागरिकतासमेत नदिने, शायद कतै बेचिनुपर्ने अवस्था समेत ल्याउने । तर यहाँ, उनी अस्तित्वसहित स्वीकारिएकी थिइन् । यद्यपि स्वतन्त्रताको त्यो मिठाससँगै मौन आँखाभित्र लुकेको पीडा पनि सँगसँगै थियो । त्यो सामान्य भेटले मेरो मनमा गहिरो छाप छोड्यो । गाढा रङ, उदास मुस्कान र मौन आँखाभित्र लुकेको कथा आजसम्म पनि मलाई झस्काइरहन्छ । शायद जीवन यस्तै हो जहाँ सामान्य क्षणले असामान्य बोध जन्माउँछन् । अपरिचितको मौन दृष्टिले हामीलाई आफ्नै समाजका भित्री कठोरता र घाउहरूसँग ठोक्काइदिन्छ । त्यो दिन मैले बुझें कसैको मौन आँखाले बोलेको कुरा नै कहिलेकाहीँ जीवनको सबैभन्दा ठूलो प्रश्न र सबैभन्दा गहिरो उत्तर बन्न पुग्दोरहेछ ।

*-साहित्यपोस्ट डटकम*

# आइतबार तानसेनमा सार्वजनिक बिदा



**पाल्पा,** कार्तिक १४/तानसेन नगरपालिकाले कात्तिक १६ गते आइतबार सार्वजनिक बिदा दिएको छ । तानसेन-१४ रुरुक्षेत्र (रीडी) स्थित ऋषिकेश मन्दिरमा कार्तिक शुक्ल द्धादशीका दिन सिन्दुर रथजात्रा (रथयात्रा) मनाइने भएकाले असोज २६ गते बसेको नगरपालिकाको बैंठकले सो दिन सार्वजनिक विदा दिने निर्णय गरेको हो ।

नेपालको चार धाम मध्येको एक धार्मिक, सांस्कृतिक धरोहरका रुपमा रहेको नेपालकै एक प्रसिद्ध तिर्थस्थलको प्रचार-प्रसार गर्न र सिन्दुर रथायात्राको महिमा बढाउन बिदा दिइएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । सो दिन नगर कार्यापालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था (आकस्मिक बाहेक) विद्यालय लगायत मतहतका निकायहरुमा स्थानीय सार्वजनिक विदा दिइएको छ । शुक्रबार नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गिरीले एक सूचना नै प्रकाशित गरी विदा दिइएको जनाएका छन् । पाल्पा, गुल्मी र स्याङ्जा जिल्लाको सङ्गमस्थल रुरु क्षेत्र (रिणी)मा रहेको ऋषिकेश मन्दिरलाई भगवान् नारायणको रुप मानिन्छ । पाल्पाका तत्कालीन राजा मणिमुकुन्द सेनले विसं १५७५ मा कालिगण्डकी नदीमा नुहाउने क्रममा भेटिएको शिला अर्थात् मूर्तिलाई कालीगण्डकी र रिडी खोलाको सङ्गम स्थानमा ऋषिकेश मन्दिर निर्माण गरेका हुन् । पाँच सय वर्ष पुरानो ऋषिकेश मन्दिरमा हरिबोधनी एकादशीको भोलिपल्ट रथ यात्रा निकालिने परम्परा छ । यस्तै माघे सङ्क्रन्तिमा तीन दिन यहाँ धार्मिक मेला समेत लाग्ने गर्दछ । कालीगण्डकीमा स्नान गरेर ऋषिकेश मन्दिरको दर्शन गरेमामोक्ष प्राप्त हुने विश्वास रहेको छ । यो क्षेत्र धार्मिक, पौराणिक, ऐतीहासिक तथा पर्यटकीय दृष्टिकोणले पनि निकै महत्वपूर्ण मानिन्छ । जसकाकारण यस क्षेत्रको महिमा नेपालबाहिर पनि उत्तिकै महत्वपूर्ण रहेको छ ।

# देशभरीका नर्स आन्दोलित




**पाल्पा,** कात्तिक १४/देशभरीका नर्स आन्दोलित भएका छन् । न्यूनतम तलब, भत्ता र सेवा-सुविधा सुनिश्चित गर्न माग राख्दै नर्सहरू आन्दोलित हुँदै आएका हुन् ।

देशभरीका सबै अस्पतालका नर्सहरूले शुक्रबार विरोध प्रदर्शन गरेका छन् । सरकारीसरह सेवा सुविधा र पारिश्रमिकको माग गर्दै आन्दोलनमा उत्रिएका नर्सहरूलाई सरकारी अस्पतालका नर्सहरूले पनि एक्यबद्धता जनाउँदै आन्दोलनमा उत्रिएका हुन् । नसिंङ संघले अघि सारेको १५ बुँदे मागलाई पुरा गर्नुपर्ने भन्दै शुक्रबार देशभरका अस्पतालका नर्सहरूले प्रदर्शन गरेका थिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०८२/०६/२४ को पत्र कार्यान्वयन गरी स्वास्थ्यकर्मीहरूको न्यूनतम पारिश्रमिक सरकार सरह नघट्ने गरी दिनुपर्ने, अतिरिक्त कार्यवापत भत्ता दिनुपर्ने, ज्यालादारीमा नचलाउने र तलब-भत्ता बैंकिङ प्रणालीमार्फत भुक्तानी गर्नुपर्ने उनीहरूको माग छ । त्यस्तै, हालसम्म श्रमिकको रूपमा हेरिएको दक्ष नर्सिङ जनशक्तिलाई स्वास्थ्य ऐन अन्तर्गत व्यवस्थापन गर्नुपर्ने लगायतको माग समेत उनीहरुको छ । श्रमको सम्मान नभएसम्म नर्स आन्दोलन जारी रहने नर्सिङ संघले जनाएको छ । सरकारले भने नर्सिङ स्वास्थ्यकर्मीको पारिश्रमिकसम्बन्धी माग सम्बोधन गर्न समिति गठन गरे पनि अहिले सार्थक परिणाम दिन सकेको छैन् । प्रधानमन्त्री सुशीला कार्कीले गत बिहीबार स्वास्थ्य मन्त्रालयका सचिवसहितको टोलीसँग छलफल गरेर तत्काल समस्याको सम्बोधन गर्न निर्देशन दिएकी थिइन् । गठित समितिले सात वटै प्रदेशमा छुट्टाछुट्टै कार्यदल गठन गरेको छ । ती कार्यदललाई सम्बन्धित ठाउँको अवस्था बुझ्न, सहजीकरण गर्न र दीर्घकालीन समाधानका उपाय संलग्न गरेर प्रतिवेदन बुझाउन सुझाव दिइएको छ ।

नर्सहरूले कात्तिक १८ सम्म माग पूरा नभए सेवा छोड्ने चेतावनी दिएका छन् । नर्स बिनाको अस्पतालको परिकल्पना गर्न सकिदैन । तर पनि नर्सिङ पेसा अझै व्यवस्थित हुन सकेको छैन । नर्सलाई न्यूनतम पारिश्रमिक पाउन आन्दोलनमै होमिनुपर्ने बाध्यता छ । बिरामीको सेवामा दिनरात खट्नुपर्ने नर्स पेसाप्रति सन्तुष्ट हुन नसकेपछि अहिले विदेशिन बाध्य छन् । यो नेपालको स्वास्थ्य क्षेत्रका लागि दुखको कुरा हो ।

## खेलकुद समाचार

# यूएईसँग नेपाल ५ विकेटले पराजित



**काठमाडौं,** कात्तिक १४/विश्वकप क्रिकेट लिग-२ को त्रिदेशीय शङ्ख्ला अन्तर्गत नेपाल यूएईसँग पाँच विकेटले पराजित भएको छ । नेपालले दिएको दुई सय ३४ रनको लक्ष्य पछ्याएको यूएईले ४३ ओभर तीन बलमा पाँच विकेट गुमाएर भेटायो । यूएईका आर्यन शर्माले ९८ र विलासी शर्फूले ४५ रन बनाए । नेपालका सन्दीप लामिछानेले दुई, करन केसी र दीपेन्द्रसिंह ऐरीले समान एक विकेट लिए । त्यसअघि यूएईमा टस जितेर पहिला ब्याटिङ गरेको नेपाल निर्धारित ५० ओभरमा दुई सय ३३ रनमा अलआउट भयो । नेपालका कप्तान रोहितकुमार पौडेलको शतकमा नेपालले दुई सय ३३ रन बनाएको हो । उनले एक सय नौ रन जोडे । त्यस्तै आसिफ शेखले ३५, आरिफ शेखले २७ र दीपेन्द्रसिंह ऐरीले २३ रन बनाए । यूएईका जाहिद अलीले चार, जुनैद सिद्दिकीले तीन तथा मोहम्मद रोहिद, हैदर अलीले समान एक विकेट लिए । नेपाल लिग-२ मा १८ खेलमा १२ अङ्कसहित सातौं स्थानमा छ भने यूएई १८ खेलमा आठ अङ्कसहित पुछारमा छ । यो श्रृंखलामा नेपाल आृनो पहिलो खेलमा अमेरिकासँग पराजित भएको थियो । लिग-२ को तालिकामा अमेरिका २२ खेलमा ३२ अङ्कसहित शीर्ष स्थानमा छ । २४ खेलमा ३० अङ्कसहित स्कटल्याण्ड दोस्रो र समान खेलमा २८ अङ्कसहित नेदरल्यान्डस् तेश्रो स्थानमा छ । लिग-२ अन्तर्गत यो श्रृंखलाको आफ्नो तेश्रो खेलमा नेपालले पर्सि शनिवार अमेरिकासँग खेल्नेछ । त्यसपछि बुधबार यूएईसँग नै खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# ऋणको आकार बढ्दै, असोजसम्म ५० अर्ब ६० करोड थपियो




**पाल्पा,** कार्तिक १४/सार्वजनिक ऋणको आकार बढ्दै गएको छ । सरकारले राजस्व लक्ष्य अनुसार उठाउन नसक्दा ऋणको आकार बढ्दै गएको हो । असोजसम्म भुक्तानी गरेको साँवा घटाउँदा कुल ऋण ५० अर्ब ६० करोड रुपैयाँ थपिएको छ ।

सरकारले चालु आर्थिक वर्षको पहिलो तीन महिनामा एक खर्ब ८४ करोड रुपैयाँ सार्वजनिक ऋण उठाएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आवको साउनमा ४४ अर्ब ६६ करोड ऋण उठाएको सरकारले भदौमा ३६ अर्ब १३ करोड लिएको थियो । यस्तै, असोजमा थप २० अर्ब ४ करोड ऋण लिइएको हो । यससँगै असोजसम्म कुल सार्वजनिक ऋण २७ खर्ब २४ अर्ब ६५ करोड पुगेको छ । गत आवको अन्तिम महिना असारसम्म सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब ४ करोड थियो । चालु आवमा १९ खर्ब ६० अर्बको बजेट ल्याएको सरकारले १४ खर्ब ८० अर्ब रुपैयाँमात्र राजस्व असुलीको लक्ष्य राखेको छ । आम्दानी र राजस्वको यही फरक तथ्यांकले सार्वजनिक ऋण बढ्दै गएको हो । सरकारले यो वर्ष ५ खर्ब ९५ अर्ब रुपैयाँ सार्वजनिक ऋण लिने लक्ष्य राखेको छ । यसमध्ये असोज मसान्तसम्म उठाएको १ खर्ब ८४ करोड ऋण वार्षिक लक्ष्यको १६ दशमलव ९३ प्रतिशत हो । अहिले नेपालको सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ४४ दशमलव ६१ प्रतिशत पुगेको छ । यसमा वैदेशिक ऋणको हिस्सा ५३ दशमलव ०४ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४६ दशमलव ९१ प्रतिशत छ । कार्यालयका अनुसार असोजसम्म आन्तरिक ऋण १२ खर्ब ७८ अर्ब ७ करोड पुगेको छ । यो जीडीपीको २०.९३ प्रतिशत हो । यस्तै, बाह्य ऋण १४ खर्ब ४६ अर्ब ५८ करोड पुगेको छ । यो जीडीपीको २३.६९ प्रतिशत हो ।

**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।**

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् । त्यसैले,

-सन्तुलित र स्वस्थ खाना खाऔं,
-शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
-मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
-प्रशस्त मात्रामा पानी पिउने गरौं,
-तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको साविक नाम **श्री एलिना मेलिना कन्स्ट्रक्सन एन्ड सप्लायर्स** द.नं. ३३४७४८/८०/०८१ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०५/२०** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री ए.एम.के कन्स्ट्रक्सन एण्ड सप्लायर्स** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको साविक नाम **श्री रुपछाँया कन्स्ट्रक्सन** द.नं. २६५६१७/०७८/०७९ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/११** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री एल.बि.अल्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको साविक नाम **श्री पाण्डे विष्णु निर्माण सेवा एण्ड सप्लायर्स** द.नं. ३५३६५८/८१/८२ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०६/०५** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री घ्यूबेसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई